## तपाईसंग स्वास्थ्य बिमा छैन भने

तपाईसंग स्वास्थ्य बिमा छैन भने पनि, तपाईले डाक्टरबाट जाँच गराउन पाहुनु हुनेछ, तपाईकालागि प्रस्तुत गरिएका स्वास्थ्य बिमा विकल्पहरु बारे जानकारी लिनुहोस्, र तपाईको बच्चाहरुकालागि पनि स्वास्थ्य बिमा लिनुहोस्। तपाईले जान्नु पर्ने यहाँ छ।

## आफुलाई काम लाग्ने स्वास्थ्य बिमा खोज्नुहोस्

### जवान मानिसहरुका लागि

**मेडीकेड** - मेडीकेडले थोरै-आम्दानी भएका माता-पिता र रेखदेख गर्ने व्यक्तिहरुलाइ स्वास्थ्यसंग जोडिएका सुविधाहरु प्रदान गर्दछ, जुन चाँही:

- १९ भन्दा कम उमेरका बच्चाहरुको माता-पिता वा रेखदेख गर्ने व्यक्ति हुन्;
- एफपीएलको(संघिय गरिबी रेखा) ३५ % भन्दा कम (तिन सदस्य भएको परिवारमा झन्डै $ ६६०० जसो) बर्सेनि आम्दानी; र
- जोर्जियामा बस्ने, अमेरिकी नागरिक, निश्चित कानुनि निवासी, शरणार्थी, र आश्रय लिएका व्यक्तिहरु

>> तपाई योग्य हुनु हुन्छ कि हुदैन् भन्ने जानकारी पाउनकालागी अथवा यस कार्यक्रममा भर्ति हुनकालागि : ८००-८०९-७२७६ मा फोन गर्नुहोस् वा इन्टरनेटमा गई यस ठेगानामा- www.healthcare.gov आफूलाइ भर्ति गर्नुहोस्।

बिक्रि गर्ने ठाउँबाट **निजि स्वास्थ्य बिमा** - यदि तपाईको आम्दानी धैरै भएको कारण, माता-पिता/रेखदेख गर्ने व्यक्तिहरुकालागि बनाएको मेडीकेदमा तपाई योग्य हुनु भएन भने, तपाईकोलागि निजि स्वास्थ्य बिमा, उचित विकल्प हुन सक्दछ। यी बिमाहरुलाई तपाईको निम्ति सस्तो बनाउनकालागि, तपाइको आम्दानी र परिवारको संख्या हेरी, तपाई वितिय सहायता पाउने योजनामा योग्य हुन सक्नु हुनेछ।

>> तपाई वितिय सहायता पाउने योजनामा योग्य हुनु हुन्छ कि हुदैन् भन्ने जानकारी पाउनकालागि अथवा यस कार्यक्रममा भर्ति हुनकालागि: इन्टरनेटमा गई यस ठेगानामा- www.healthcare.gov आफूलाइ भर्ति गर्नुहोस् वा *जोर्जियाँस फर अ हेल्दी फ्युचर*लाई, ४०४-५६७-५०१६ मा फोन गरि सम्पर्क गर्नुहोस् वा *सिडको*लाई ८५५-८९९-६०९२ मा फोन गरि सम्पर्क गर्नुहोस्।

>> खुला भर्ति गर्ने समय, नोभेम्बर १५, २०१४ मा शुरु हुनेछ र फेब्रुअरी १५,२०१५ मा सिद्धिनेछ।

**कामदाताले प्रदान गरेको बिमा**- यदि तपाई काम गर्नु हुन्छ भन्ने, तपाई आफ्नै काम द्वारा स्वास्थ्य बिमा पाउन सक्नु हुन्छ। तपाईको कामदाता वा मानव संसोधन विभागसंग कुरा गर्नुहोस् र तपाईको स्वास्थ्य बिमा सम्बन्धी विकल्पहरुबारे छलफल गर्नुहोस्।

### बच्चाहरुकालागि

**बच्चाहरुकालागि पिचकेर** - पिचकेरले त्यस्ता बच्चाहरुलाई स्वास्थ्य बिमा प्रदान गर्दछ, जुन बच्चाहरु:

- १९ वर्ष भन्दा कम उमेरका छन्;

- जुन परिवारको आम्दानी एकदम धेरै भएको कारण मेदिकेडकोलागि योग्य हुन सक्दैनन्;
- एफपीएलको (संघिय गरिबी रेखा) तह भन्दा २५२% निम्न आम्दानी भएका परिवारमा बसोबास गर्ने हरु; र
- जोर्जियामा बस्ने, अमेरिकी नागरिकहरु, निश्चित कानुनि निवासीहरु, शरणार्थीहरु, र आश्रय लिएका व्यक्तिहरु

>>तपाईको बच्चा पिचकेरकोलागि योग्य छ कि छैन भन्ने कुराको जानकारी पाउनकालागि अथवा यस कार्यक्रममा भर्ति हुनकालागि : ८७७-जा-पिच (८७७-४२७-३२२४) मा फोन गर्नुहोस् वा इन्टरनेटमा गई यस ठेगानामा- www.peachcare.org जानकारी पाउनुहोस्।

**मेडीकेड-** मेडीकेडले त्यस्ता बच्चाहरुलाई स्वास्थ्यसंग जोडिएका सुविधाहरु प्रदान गर्दछ जुन चाँही:

- १९ वर्ष भन्दा कम उमेरका छन्;
- कम आम्दानी भएका परिवारमा बस्दछन्। आम्दानीको सीमा, उमेर र परिवारको संख्या मा आधारित हुन्छ; र
- जोर्जियामा बस्ने, अमेरिकी नागरिकहरु, निश्चित कानुनि निवासीहरु, शरणार्थीहरु, र आश्रय लिएका व्यक्तिहरु

**यदि तपाईलाई विगतमा मेडीकेड अस्वीकृति भएको थियो भने पनि, तपाईले मेडीकेडकोलागि दर्खास्त दिनु होस्।**

>> तपाईको बच्चा मेडीकेडकोलागि योग्य छ कि छैन भन्ने कुराको जानकारी पाउनकालागि अथवा यस कार्यक्रममा भर्ति हुनकालागि: आफैनै गएर दर्खास्त दिने हो भने, ४०४-६५६-६०६० मा फोन गर्नुहोस् र आफू नजिक भएको, *फामिलि आन्ड चिल्डरेंस सर्भिसेस काउन्टी आफिस* (परिवार र बच्चा विभागको कार्यालय) को ठेगाना पत्ता लगाउनुहोस्। तपाई इन्टरनेटको यस ठेगानामा: www.compass.ga.gov गएर पनि दर्खास्त दिन सक्नु हुन्छ।

**तपाईले मेडीकेद र पिचकेरकोलागि सालको कुनै दिनमा पनि दर्खास्त दिन सक्नु हुनेछ। यदि तपाईको बच्चाहरुको को स्वास्थ्य बिमा छैन भने, तुरुन्तै दर्खास्त दिनुहोस्।**

## आफूलाइ चाहिने स्वास्थ्य बिमा लिनुहोस्

स्वास्थ्य बिमा नभएका बिरामी मानिसहरुलाई, केहि चिकित्सासम्बन्धी उपचार गर्ने स्वास्थ्य केन्द्रहरु, जस्तै, *फेडेरल्ली क्वालिफाइड हेल्थ सेन्टर्स (एफक्युएचएस)* र *चारिटी केर क्लिनिक्सले* स्वास्थ्य सुविधा उपलब्द गराउछन्। यदि तपाइलाई डाक्टर चाहिँएमा, यी स्वास्थ्य केन्द्रहरुले तपाइलाई सहायता गर्न सक्दछन्।

- **फेडेरल्ली क्वालिफाइड हेल्थ सेन्टर्स (एफक्युएचएस) -** एफक्युएचएसले चिकित्सासम्बन्धी, गर्भावस्थासम्बन्धी, बालचिकित्सासम्बन्धी, दाँतसम्बन्धी, मानसिक स्वास्थ्यसम्बन्धी , र औषधीपसल सेवाहरु सम्बन्धी, सुविधा उपलब्द गराउछन्। आफ्नो आम्दानी हेरि जत्ति हुन सक्दछ, त्यतिनै पैसा तिरे हुन्छ। धेरै शहर र गाउँहरुमा, स्वास्थ्य केन्द्रहरु छन्। आफ्नो नजिकको *एफक्युएचसी* को ठेगाना जान्नकालागि, ४०४-६५९-२८६१ मा फोन गर्नुहोस् वा इन्टरनेटको यस ठेगानामा: www.gaphc.org गएर “find a Health Center” ("हेल्थ सेन्टर खोज्नुहोस्") भन्ने ठाउँमा छित्नुहोस्।
- **जोर्जिया चारीटेबल केर नेटवर्क** - *जिसिसिएनले* धेरै प्रकारको स्वास्थ्यसंग जोडिएका सुविधाहरु प्रदान गर्दछ, जसमा शामिल छन्- चिकित्सा, आँखा, दाँत, मानसिक स्वास्थ्य, र औषधीपसल सेवाहरु सम्बन्धी, सुविधाहरु। तर, सबै स्वास्थ्य केन्द्रहरुले यी सबै सुविधाहरु प्रदान गर्दैनन् र जोर्जियाका सबै ठाउँहरुमा यी

स्वास्थ्य केन्द्रहरु छैनन्। आफ्नो क्षेत्रमा, यो स्वास्थ्य केन्द्र छ कि छैन र यस स्वास्थ्य केन्द्रले कुन कुन सुविधाहरु प्रदान गर्दछ भन्ने कुराको जानकरीकालागि, ७७०-७३८-४६५१ मा फोन गर्नुहोस् वा इन्टरनेटको यस ठेगाना: www.charitablecarenetwork.com मा गएर, “Find a Clinic” ("स्वास्थ्य केन्द्र खोज्नुहोस्") भन्ने ठाउँमा छीत्नुहोस्।

- **ग्रेडी हेल्थ सिस्टम -** फुल्टन र डीक्याब काउन्टीहरुका गरिब र पिडित व्यक्तिहरुकालागि, ग्रेडीले स्वास्थ्य उपचार सम्बन्धी सबै सुविधाहरु पुर्याउने प्रण गरेको छ। जुन जोर्जिया निवासीहरु, स्वास्थ्य सम्बन्धी सेवाहरुको शुल्क तिर्न सक्दैनन्, तिनीहरुलाई ग्रेडीले वितिय सहायता पुर्याउदछ। तपाई वितिय सहायता पाउन योग्य हुनु हुन्छ कि हुदैन् भन्ने कुराको जानकारी तपाईलाई, वितिय सल्लाहकारले दिनेछ। वितिय सल्लाहकारलाई भेटेर यस विषय सम्बन्धी जानकारी पाउनकालागि, (४०४)६१६-६९२० मा फोन गर्नुहोस्। भेट गर्ने समयमा यी चिजहरु आफो साथ् ल्याउनुहोस् :
    - निजि पहिचान पत्रहरु (ड्राइभर्स लाइसिन्स, जोर्जिया आइडी कार्ड, इत्यादी )
    - मेडीकेड कार्ड (छ भने )
    - भिसा वा निवासी कार्ड/आइ ९४ (छ भने)
    - जोर्जिया निवासी हो भन्ने कुराको प्रमाण (घरको किरायाको ठेक्का पत्र, पानी, बिजुली इत्यादीको बिल, घर भाडाको रसिद, फूड स्ट्याम्प्स, भोटर रेजिस्त्रेशन कार्ड, इत्यादी)
    - आम्दानीको प्रमाण (अहिलेको तलब पत्र, सोसियल सेक्युरिटि प्रशासनको चिट्ठी, बेरोजगारी हो भन्ने दावा पत्र, इत्यादी)
    - तपाई माथि भर परेका पारिवारिक सदस्यहरुको संख्या प्रमाण (सबै भन्दा हालैको *ट्याक्स रिटर्न* (कर फिर्ता), तपाई माथि भर परेका पारिवारिक सदस्यहरुको जन्मप्रमाणकहरु, इत्यादी)

## भाषाको सेवाहरु

अंग्रेजी नबुझ्ने, नपढ्ने र नबोल्ने बिरामीहरुकालागि सबै हस्पताल र डाक्तारका स्वास्थ्य केन्द्रहरुले उल्थासम्बन्धी सेवाहरु पुर्याउनु पर्दछ। उल्था गर्ने व्यक्ति द्वारा उल्था सेवा, फोन वा व्यक्तिगत रुपमा पुर्याए हुन्छ।

- यदि तपाईले नियोजित भेट हुने समय लिनु भएको छ भने, उल्था गर्ने व्यक्तिको व्यक्तिगत रुपमा उपस्थिति अनुरोध गर्नुहोस्।
- यदि तपाईले नियोजित भेट हुने समय लिन सक्नु भएन भने, अस्पताल वा डाक्टरको स्वास्थ्य केन्द्र पुग्ने बित्तिकै, उल्था गर्ने व्यक्तिको उपस्थिति माग्नुहोस्।

## आफ्नो स्वास्थ्य बिमा राख्नुहोस्

अहिले जब तपाइकोमा स्वास्थ्य बिमा छ, यस स्वास्थ्य बिमालाइ राख्नोहोस्। यदि तपाइले स्वास्थ्य बिमा बिक्रि गर्ने ठाउँबाट किन्नु भएको वा संचालकसंग किन्नु भएको हो भने, यस स्वास्थ्य बिमालाइ नविकरण गर्नुहोस्। नविकरण र स्वचालित भर्ति बारे तल दिएका ७ वटा कुराहरु जान्नु होस् :

१. २०१४ मा बिक्रि गर्ने ठाउँबाट बिक्रि भएका सबै स्वास्थ्य बिमाहरुको नवीकरण २०१५ मा हुनेछ। स्वास्थ्य बिमाकोलागि खुला रुपमा भर्ति हुने समय नोभेम्बेर १५, २०१४ मा शुरु हुन्छ र फेब्रुअरि १५, २०१५ मा अन्त हुन्छ।

२. तपाईको स्वास्थ्य बिमा कम्पनिले, यस पालिको शरद् ऋतुको समयमा, तपाईलाई आधुनिक अधिशुल्क रकम र सुविधाहरु बारे जानकारी पठाउने छ।

३. तपाईको २०१५ सालको स्वास्थ्य बिमाले तपाईको आवश्यकताहरु पूरा गर्छ कि गर्दैन भन्ने कुराको जानकारी पाउनकालागि, यस बिमाको परिवर्तन हेरी, पुनर्विचार गर्नुहोस्। बिमाको *वेबसाइट*मा गएर अथवा फोन गरेर, ठोस रुपमा पत्ता लगाउनु होस् कि आउने वर्ष २०१५ मा, तपाईको बिमाले तपाइलाई चाहिने डाक्टर र अन्य स्वास्थ्य केन्द्रहरु द्वारा तपाइलाई स्वास्थ्य सम्बन्धी सेवाहरु पुर्याउनेछ। यसका साथै, तपाईलाई चाहिने औषधिहरु किन्न पनि तपाइको बिमाले पैसाको रुपमा सहायता पुर्याउछ भन्ने कुराको ठोस रुपमा पत्ता लगाउनुहोस्।

४. उचित अधिशुल्क कर श्रेय पाउनकालागि, अहिलेको आम्दानी र परिवारको संख्याबारे तपाईले बिमा बिक्रि गर्ने ठाउँलाइ जानकारी दिनु पर्दछ। यदि तपाईले यसबारे उचित जानकारी दिनु भएन भने, तपाईले उही अधिशुल्क कर श्रेय पाउनु हुनेछ, जुन तपाईले २०१४ मा पाउनु भएको थियो। यदि तपाईको आम्दानी बडेको छ वा तपाईको परिवारको संख्या बद्लिएको छ भने र यदि तपाईले यसबारे  बिमा बिक्रि गर्ने ठाउँलाइ जानकारी दिनु भएन भने, २०१५ वर्षको अन्तमा जब तपाईले आफ्नो कर फिर्ता फाइल गर्नु हुन्छ, त्यति बेला, पैसाको रुपमा जरिमाना तिर्नु पर्ने हुन्छ।

५. यदि तपाईले आफ्नो आम्दानी वा परिवारबारे हालैको उचित जानकारी दिनु भएन भने, बिमा बिक्रि गर्ने ठाउँले २०१५ मा पनि, तपाईलाई स्वचालित रुपमा पहिलो वर्षकै बिमामा फेरी भर्ति गर्नेछ।

६. तपाईलाई आफ्नो बिमा बद्लने इच्छा छ भने, तपाईले तल लेखिएका कामहरु गर्न सक्नु हुनेछ:

- यदि तपाई अहिलेकै बिमा कम्पनिबाट फेरी बिमा लिन चाहनु हुन्छ भने, तपाईले त्यस कम्पनिले प्रदान गरेको, तपाई नजिकका क्षेत्रहरुमा सेवा पुर्याउने अरु नै कुनै बिमा बिक्रि गर्ने ठाँउको स्वास्थ्य योजना रोज्नुहोस्।
- बिमा बिक्रि गर्ने ठाउँमा गएर, अर्कै बिमा कम्पनिबाट, नया स्वास्थ्य बिमा रोज्नुहोस्।
- बिमा बिक्रि गर्ने ठाउँबाट बाहिर गएर, नया निजि स्वास्थ्य बिमा किन्नुहोस्। तर यसो गर्नु भयो भने, तपाई अधिशुल्क कर श्रेय र खर्च-बाँड्ने छुट पाउन योग्य हुनु हुने छैन।

७. कुनै स्थितिमा, तपाईको अहिलेको बिक्रि गर्ने ठाँउको स्वास्थ्य योजना २०१५ मा प्रदान नगरीएको हुनसक्दछ। त्यसो भएमा, तपाईलाई स्वचालित रुपमा अहिलेको जस्तै अरु नै कुनै बिमा लिन भर्ति गराइने छ, ता कि तपाईलाई आफ्नो स्वास्थ्य सेवाहरु पाउनमा केही रोकाइ नहोस्। तपाईलाई स्वचालित रुपमा अहिलेको जस्तै बिमा लिन भर्ति हुने इच्छा छैन भने, तपाई बिमा बिक्रि गर्ने ठाउँबाट नया बिमा रोज्नु सक्नु हुन्छ। किन कि तपाईको अहिले भएको  बिमाको समाप्ति हुन लागेको छ, तपाई खास भर्ना-दर्ता अवधिकोलागि योग्य हुनु हुन्छ, जसले गर्दा, खुला भर्ना-दर्ता अवधि, बाहेक पनि, तपाईले व्यक्तिगत बिमा लिन भर्ति हुन सक्नु हुनेछ।